
# दोस्रो थेसलोनिकी

पावलले थेसलोनिकीहरुलाई पहिलो पत्र लेखेको केही समय नबित्दै, तिनले मण्डली बारे समाचार पाए। उनले सुनेका थिए कि उनले लेखेका समस्याहरु बाँकी नै थिए र झन् झन् बिग्रँदै गएका थिए। पावलको दोस्रो पत्र उनको पहिलो पत्र जस्तै छन्, तर उनले आफ्नो सन्देश शात्तिशाली शब्दद्धारा प्रस्तुत गरेका छन्। सायद पावलले पहिलो पत्र लेखेका केही महिना पछि, उनले दोस्रो पत्र पठाएका थिए। पावलले विश्वासीहरुको सतावट, येशूको पुनरागमन, र काम बारे सिकाउँदा उनले बढो कढा शब्दहरु प्रयोग गरी पत्र लेख्छन्।



**लेखक:** पावल प्रेरित, साथै तिमोथी र सिलास
**लेखको मीति:** लगभग ५० AD मा।
**मूल दर्शक:** थेसलोनिकी सहरमा येशूका अनुयायीहरु थिए।

**पत्रको लेख्नुको कारण:** पावलले थेसलोनिकीहरुलाई आफ्नो पहिलो पत्र पठाएपछि, येशूको अनुयायीहरुको सतावट झन् झन् नराम्रो भएको उनले सुनेको थिए, येशूको पुनरागमन बारे झन् बढी भ्रम थियो र केही विश्वासीहरुले अझै काम गरिरहेका थिएनन्। पावलले यी तीन समस्याहरु फेरी सम्बोधन गर्न यो दोस्रो पत्र लेख्छन्।

**पत्रको मुख्य सन्देश:** पावलले थेसलोनिकी विश्वासीहरुलाई कठोर सतावटको समयमा पनि विश्वासको दृढता रहेकोमा परमेश्वरको प्रशंसा र धन्यवाद दिएर पत्र सुरु गर्छन्। पावलले विश्वासीहरुलाई यसो भन्दै प्रोत्साहन गरिरहन्छन् कि “परमेश्वर न्यायी हुनुहुन्छ: तिमीलाई कष्ट दिनेहरुलाई उहाँले कष्टको बदला दिनुहुनेछ।” (१:६) पावलको प्रोत्साहन भनेको परमेश्वरले सतावट देख्नुहुन्छ र तिनीहरुलाई सताउनेहरुलाई दण्ड दिनुहुनेछ। उनी भन्छन् कि, “तिनीहरुले अनन्त विनाशको दण्ड तथा प्रभुको उपस्थिति र उहाँको शात्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन्।,” (१:९) यो येशूलाई अस्विकार गर्नेहरुको लागि अन्तिम दण्ड हो। पावलले यो भागलाई विश्वासीहरुको लागि प्रार्थनामा यसो भन्दै अन्त गर्छन्, “कि हाम्रा परमेश्वरले तिमीहरुलाई आफ्नो बोलावटको योग्य बनाऊन्, र हरेक असल उद्देश्य र विश्वासको कामलाई उहाँको शात्तिद्धारा पूर्ण गरिदेऊन्।” (१:११)

## प्रभुको दिन

पावलले अध्याय दुईमा प्रभुको दिन बारे कुरा गरेका छन्। ”प्रभुको दिन” ले येशूको दोस्रो आगमनलाई जनाउँछ। जब येशू फेरी आउनुहुन्छ, उहाँले दुष्टलाई नाश गर्नुहुन्छ (२:८) र सबै थोकहरु नयाँ बनाउनुहुन्छ। (२ पत्रुस ३:१३) केही मानिसहरुले भनेका थिए कि प्रभुको दिन आइसकेको छ, जसले विश्वासीहरुलाई अलमलमा पारेका थियो। पावलले फेरि भ्रम हटाउन प्रयास गर्छन् र थेसलोनिकी विश्वासीहरुको लागि प्रार्थना गरेर खण्डको अन्त्य गर्छन्। उनी भन्छन्, “हाम्रा प्रभु येशू ख्रिष्ट र पिता परमेश्वरले हामीलाई प्रेम गर्नुभयो र उहाँको अनुग्रहद्धारा अन्त्य नहुने उत्साह र असल आशा दिनुभयो।” (२:१६-१७)

### अल्छेहरुलाई चेताउनी

तीन अध्यायमा पावलले थेसलोनिकीहरुका लागि प्रार्थना गरेर सुरु गर्छन्। (३:१-५) त्यसपछि उनले तेस्रो र अन्तिम समस्याको सम्बोधन गर्छन्: अल्छेपन। केही विश्वासीहरु जिम्मेवारी थिएनन् र काम गर्न इन्कार गर्दै थिए। उनले तिनीहरुलाई आफ्नो उदाहरण पछयाउन भन्नुहुन्छ, “किनकी तिमीहरुले कसरी हाम्रो अनुकरण गर्नुपर्छ सो तिमीहरु आफै जान्दछौ। हामी तिमीहरुसँग छँदा अल्छे भई बसेनौं। हामीले कसैको रोटी सितैंमा खाएनौं। तर तिमीहरु कसैलाई भार नहोस् भनेर हामीले रातदिन परिश्रमसाथ खटेर काम गर्यौं। (३:७-८) पावलले आफ्नो पहिलो पत्रमा यस समस्यालाई सम्बोधन गर्दै भने, “अल्छेहरुलाई चेताउनी देओ, हरेस खानेहरुलाई हौसला देओ र कमजोरीहरुलाई मदत गर।” (१ थेसलोनिकी। ५:१४) यसले काम गरेन, र अब पावल भन्छन्, “काम गर्न नचाहनेले खान पाउँदैन।” (३:१०)

### दोस्रो थेसलोनिकीको रुपरेखा:

1. सतावट सहने प्रार्थना र प्रोत्साहन (अध्याय १)
2. प्रभुको दिन बारे शिक्षा (अध्याय २)
3. अल्छेहरुलाई चेताउनी (अध्याय ३)

### एक पत्र, तीन लेखकहरु

थेसलोनिकीहरुलाई पहिलो र दोस्रो पत्रमा पत्रको सुरुवातमा उल्लेख गरिएका तीन लेखकहरु छन्: पावल, तिमोथी र सिलास। यधापी पावल सम्भवत: प्राथमिक लेखक हो, यो स्पष्ट छ कि पत्र सबै तीनैका हुन्। पावलले दुई वटा पत्रभर “म” होइन “हामी” भन्छन्। पावल, तिमोथी र सिलास थेसलोनिकीमा गएर मण्डली सुरु गरेका थिए, र यो पत्रका शिक्षाहरु तीनै जनाबाट हुन्। धेरै-जसो पावलले आफ्नो हरेक काम धेरै सह-कर्मीहरुसँग मिलेर गरे। उहाँका अन्य धेरै पत्रहरु पनि पावल र उहाँका कुनै एक सहकर्मीबाट छन्। पावल र उनका भाइ सोस्थेनेसले १ कोरिन्थी लेखेका थिए। पावल र तिमोथीले २ कोरिन्थी, फिलिप्पी, कलस्सी र फिलेमोन लेखेका थिए।

### “अधर्मी मानिसको” आगमन

२ थेसलोनिकीमा सबैभन्दा महत्वपूर्ण नयाँ शिक्षा प्रभुको दिनको बारेमा हो।”विद्रोह” र “अधर्मी” प्रकट नभएसम्म येशू ख्रिष्टको दोस्रो आगमन हुनेछैन भनी पावल भन्छन्। (२:१-३) उनी भन्छन् कि “अधर्मको रहस्यले अघिबाटै काम गरिरहेछ।” (२:७) तर उनी कसै-कसैले थुनिरहेका छन्। (२:६-७) यो प्रतिबन्ध हटाए पछि, अधर्मी प्रकट हुनेछ। उनी आफैलाई परमेश्वर नै घोषण गरेर परमेश्वरको मन्दिरमा त्यो बस्छ। (२:४) र परमेश्वरको मुखको सासले नाश पार्नुहुनेछ! (२:८) आउँदै गरेको ख्रिष्टको बारेमा कुरा गर्दा यी शब्दहरु अगमवक्ता यशैयाका शब्दहरु जस्तै छन्। परमेश्वरले आउँदो ख्रिष्टको बारे अगमवक्ता यशैयाद्धारा यसो भनी बोल्नुभयो, “उहाँले आफ्नो मुखको लाठोले पृथ्वीलाई हिर्काउनुहुन्छ, र आफ्नो सासले दुष्टलाई नाश गर्नुहुनेछ।” (यशैया ११:४) हामीलाई थाहा छैन यो कहिले हुनेछ वा यो कस्तो दिखिनेछ, तर परमेश्वरले हामीलाई येशू फेरी नआउञ्जेल हाम्रो विश्वासमा दृढ रहन बोलाउनुहुन्छ।

सबै पत्रहरु जस्तै, सबै खण्डहरु पहिलो अध्याय देखि अन्तिमसम्म पढ्यो र सुन्यो भने धेरै राम्रो हुन्छ। त्यसपछि, फेरी प्रत्येक खण्डहरु पुन पढेर निम्न प्रश्नहरुको छलफल गर्नुहोस्:

1. तपाईले परमेश्वर, येशू र पवित्र आत्माको बारे के सिक्नुहुन्छ?
2. मानिसको बारे के सिक्नुहुन्छ?
3. यी खण्डहरु पढिसकेपछि, के मैले मेरो बिश्वासमा परिवर्तन गर्नु आवश्यक छ?
4. यी खण्डहरु अध्ययन गरिसकेपछि, हामीले के गर्नु आवश्यक छ?
5. यी खण्डहरु म कसलाई बताउन सक्छु?